लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
**सहकारी दर्ता अधिकारीको कार्यालय**
राप्ती उपत्यका(देउखुरी),नेपाल

पत्र संख्याः ०८०/८१
च.नं.

## सहकारी संघ/संस्थाहरुले वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८०/१२/१३)

सहकारी संघ/संस्थाहरुले आर्थिक बर्ष समाप्त भएको मितिले ६ महिनाभित्र वार्षिक साधारण सभा सम्पन्न गर्ने र सोको प्रतिवेदन सभा सम्पन्न भएको मितिले १५ दिनभित्र नियमनकारी निकायमा पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ ।तर, यस कार्यालयको नियमन क्षेत्राधिकार भित्रका कतिपय सहकारी संघ/संस्थाहरुले हालसम्म पनि बार्षिक साधारण सभाको प्रतिवेदन पेश नगरेको पाईएकोले २०८० साल चैत्र मसान्त भित्र देहायका कागजात संलग्न गरी बार्षिक साधारण सभाको प्रतिवेदन पेश गर्नको लागि सहकारी संघ/संस्थाहरुलाई सूचित गरिन्छ । अन्यथा कानून बमोजिम कारवाही हुनेछ ।

<u>प्रतिवेदनमा संलग्न गर्नुपर्ने कागजातहरु:</u>

- आधिकारिक पत्र
- साधारण सभाको उपस्थिति र निर्णय
- आ.व २०७९/८० को लेखा परिक्षण प्रतिवेदन
- आ.व २०७९/८० को कर चुक्ता प्रमाणपत्र
- COPOMIS मा समष्टिगत प्रतिवेदन प्रविष्टी गरेको प्रमाण ( आवद्धता नं.)
- सहकारी प्रवर्द्धन कोषमा रकम जम्मा गरेको भौचर
- अधिवेशन समेत भएको भए निर्वाचित सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको तीनपुस्ते विवरण र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा कार्यक्षेत्रभित्र बसोबास भएको खुल्ने कागजात ।

<u>द्रष्टव्य:</u> सहकारी प्रवर्द्धन कोषको खाता नं र सञ्चालकको तीन पुस्ते विवरणको नमूना यस कार्यालयको वेवसाईट cro.lumbini.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

यम बहादुर कुँवर
(दर्ता अधिकारी)
दर्ता अधिकारी



CamScanner